# रास्कोट नगरपालिका

## १४ औं नगर सभाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

**"हामी बनाउँछौ, हाम्रो नगर"**

७ असार २०८१

नगर सभा उपाध्यक्ष ज्यू, नेपाल संम्बत ११४४, तछताथ्व ४,शुक्रबार

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

नगरसभाका सदस्य ज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु,

नेपाल युगौं देखि नै एक स्वाधीन र सार्वभौम सत्ता सम्पन्न मुलुकको रुपमा रहँदै आएको छ । इतिहासका विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेका वलिदानीपूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन लगायतका सबै किसिमका राजनीतिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान घोषणा भई हामी संघियता कार्यान्वयनको दोस्रो कार्यकालमा छौ । आजको यस गौरवपूर्ण घडीमा नेपालको ऐतिहासिक जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका सबै राजनीतिक आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता नागरिकहरु तथा उहाँहरुका परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु । साथै, विभिन्न चरणका आन्दोलनका अशक्त र अपाङ्ग व्यक्तिहरु प्रति स्वास्थ्य लाभको कामाना सहित सहानुभूति प्रकट गर्दै सहज जीवनयापनको कामना गर्दछु ।

यस रास्कोट नगरपालिकालाई समृद्धिको शिखरमा पुर्याने काम आफैमा चुनौतिपूर्ण भएता पनि नव निर्माणको यस घडीमा यसलाई एउटा ऐतिहासिक अवसरको रुपमा लिएर अगाडी बढ्नु हाम्रो प्रमुख अभिभारा हो । नेपालको इतिहासमा संविधान प्रदत्त अधिकार प्रयोगको सिलसिलामा पर्याप्त अधिकारको विन्यास सहितको संघियता कार्यान्वयनको एउटा चरणमा प्रवेश गरेका थियौं।

संविधानले स्थानीय तहलाई दिएको कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार मध्ये आज हामी नगर सभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा रास्कोट नगरपालिकाको १४ औं नगरसभामा उपस्थित हुनु हुने नगर सभाका सबै सदस्य ज्यूहरु तथा कर्मचारी मित्रहरुलाई नगर सभामा स्वागत गर्दै अन्तर हृदय देखि हार्दिक धन्यवाद दिन चाहन्छु ।

रास्कोट नगरपालिकाको दिगो आर्थिक विकास गर्नु आजको हाम्रो आवश्यकता हो । स्वाधीन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दिगो आर्थिक विकास हाँसिल गर्नु र रास्कोट नगरपालिका सहित मुलुकको समृद्धिमा योगदान पुर्याई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो । दशौं नगर सभाले “हामी बनाउँछौ, हाम्रो नगर" भन्ने सोचका साथ सुन्दर र समृद्ध रास्कोट नगर निर्माण गर्नको लागि १४ औं नगरसभामा यस नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महशुस गरेको छु ।

नगर सभा सदस्यज्यूहरु,

अव म यस सम्मानित सभामा हाल सम्म गरिएका मुख्य नविनतम् निति तथा कार्यक्रमहरुको समिक्षा गर्ने अनुमत ी चहान्छु ।

1. वार्षिक कार्य योजना निर्माण:- वार्षिक कार्य योजना सहितको कार्यपात्रो तयार गरि कार्यन्वयनमा रहेको,
2. हेलो मेयर कार्यक्रम :- सुशासनलाई प्रभावकारी बनाउन सोधपुछ कक्ष स्थापना गुनासो सुनुवाईका लागि टोल फ्रि नं १६६०८७४४०४४ सञ्चालनमा रहेको ।
3. पहिचान सहितको लोगो:- रास्कोट नगरपालिकाले आफ्नै पहिचान सहितको लोगो नगर सभाबाट पारित गरि सञ्चालनमा ल्याइएको ।
4. **नगर प्रहरीको गठन:-** रास्कोट नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन २०७९ अनुसार एक जना हल्दार सहित १४ जना नगर प्रहरी गठन गरि नगरपालिकाको शान्ति सुरक्षा तथा अमनचयन कायम गरि आन्तरिक राजश्व संकलन भइरहेको ।
5. **स्मार्ट नगरपालिकाको आधार तयार गर्नका लागि स्मार्ट सिटि:- कालिकोटकै सुन्दर नगरपालिका** आर.सि.पि.बजार लाई स्मार्ट सिटी बनाउने लक्ष्य सहित सघन सहरी विकास आयोजना जुम्ला द्वारा १.९० कि.मि.सडक कालो पत्रे र ४५ वटा पक्कि सटरहरु सञ्चालनमा ल्याई घर बेटि तथा व्यापारीहरु सँग सम्झौता गरि भाडामा दिएको छ।
6. **मेयर हेल्थकेयर कार्यक्रम सञ्चालन:-"भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी"**भन्ने कथनलाई सार्थक बनाउदै रास्कोट नगरपालिकाको मेयर हेल्थ केयर कार्यक्रम प्रत्येक महिनामा एक पटक सेवा प्रवाह भइरहेको ।
7. **नगरपालिकाका सार्वजनिक क्षेत्रहरु व्यवस्थित गर्ने:-** सार्वजनिक क्षेत्रहरुमा लगाइएका घर टहरा खाली गर्ने कार्य कार्यन्वयन गरि लेखाली भेगमा उपभोग गरिरहेको सार्वजनिक जग्गा ११ लाख ८३ हजार बर्ग मिटर पहिचान गरि सकिइएको र यसै आर्थिक वर्ष बाट उक्त जग्गामा कर लगाइ करको दाएरामा ल्याइनेछ ।
8. **इलाका प्रशासन कार्यालय :-** कालीकोट जिल्ला प्रदेश निर्वाचन क्षेत्र (ख) का नागरिकहरुको सेवा प्रवाहलाई ध्यान दिदै रास्कोट नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापनाको लागि प्रकृयामा रहेको ।
9. **राष्ट्रिय वाणिज्य बैंक स्थापना:-** रास्कोटका नागरिकहरुको बैङ्किंग सेवाको पहुँच थप विस्तार गर्न नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंकको स्थापनाको भई काम संचालन रहेको ।
10. **भुमि बर्गिकरण:-** भु - उपयोग निति २०७९ बनाई रास्कोट नगरपालिकाको भुमिको बर्गिकरण गरि सम्बन्धीत निकायमा पेश गरि कार्यन्वयनमा आएको छ।
11. **सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण:-** रास्कोट नगरपालिकाको सहजिकरणमा राष्ट्रिय वाणिज्य बैंक र ग्लोबल आई एम ई बैंक सहजिकरणमा ६८ बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु र पुर्ण अपाङ्गता भएका लाभग्राहीहरु लाई घर आँगनमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको छ।
12. **उप-प्रमुख सशक्तिकरण (लक्षित वर्ग) कार्यक्रम सञ्चालन :-** रास्कोट नगरपालिकाका सम्पुर्ण लक्षित वर्गका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएको छ।
13. **एक घर एक धारा कार्यक्रम:-** स्वच्छ खानेपानीको पहुँचमा विस्तार गरी **१८००** घर धुरीमा एक घर एक धारा निर्माण कार्य सम्पन्न गरिएको छ ।

14. **नागरिक निर्जिवन घर विमा कार्यक्रम:-** रास्कोट नगरपालिकालाई विपत जोखिम न्यूनिकरण गर्न सबै घरहरुको निर्जिवन बिमा गर्ने कार्यक्रम अन्तर्गत २४९३ घरहरुको निर्जिवन बिमा नगरपालिका ले रु. ६ लाख ७२ हजार लगानी गरेकोमा २४ जनाले ३५ लाख रकम पाएका र यस बर्ष २२८५ घरहरुमा नगरबाट रु ५लाख ६५ हजार नगरपालिकाले विमाङ्क रकम तिरी घर विमा गरिदिएको।

15. **स्वास्थ विमा :-** कालीकोट जिल्ला अस्पताल पछि रास्कोट नगर अस्पतालमा सहिद परिवार, विपन्न, असाय, सिमान्तकृत समुदायका नागरिकहरुको १ लाख बराबरको स्वास्थ बिमा रास्कोट अस्पतालमा लागु हुने नगर सरकारले अनुदान दिने प्रकृयामा रहेको ।

16. **रास्कोट अस्पताल:-** रास्कोट नगरपालिकाको स्वामित्वमा रहेको रास्कोट अस्पतालबाट कालिकोट जिल्ला प्रदेश निर्वाचन क्षेत्र 'ख' का नागरिकले स्वास्थ्य सेवा लिइरहेका जसमा वर्थिङ् सेन्टर स्थापना,३५ किलो वाटको सोलार, परिवार नियोजन कक्ष स्थापना गरिएको ।

17. **कार्वन ट्रेड संग नगपालिका:-** रास्कोट नगरपालिकाका २००० घर धुरीलाई सुधारिएको चुलो वितरण गरी धुवा न्यूनिकरण नगरपालिका बनाए वापत कार्वन उत्सर्जन गर्न राष्ट्रहरुबाट करीव २० हजार डलर आय वढ्ने ।

18. **विधुत काउन्टर स्थापना:-** निर्वाचन क्षेत्र 'ख' का नागरिकहरुलाई सुबिधा प्रदान गर्नका लागि विधुत महशुल काउन्टर स्थापना गरिएको ।

19. **फाइवर नेट** :- रास्कोट नगरपालिकामा वल्र्डलिङ्क मार्फत सबै वडा तथा सेवा कार्यालयहरुमा लाइन विस्तार गरिक ।

20. **नुन र चामलको खाद्य सेवा प्रवाह :-** नियमित रुपमा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत ३००० घर धुरीलाई आयोडिन नुन वितरण गरिएको ।

21. **आन्तरिक राजश्व बृद्दि :-** आन्तरिक राजश्व आर्थिक वर्ष २०७८/०७९ मा १४ लाख ४८ हजार संकलन भएकोमा आर्थिक वर्ष २०८०/०८१ सम्म आइपुग्दा चार गुणा राजश्व संकलन गर्न सफल भएको जसमा हाल सम्म ७० लाख सम्म संकलन भइसकेको ।

22. **एक घर एक ओखर बगैचा कार्यक्रम :-** रास्कोट नगरपालिकाका ३ हजार २ सय घर धुरीहरुलाई ओखर बिरुवा वितरण गरिएको ।

23. **बृहत् सिँचाई आयोजना:-** नगरपालिकामा गौरवको आयोजनाको रुपमा कृषि योग्य जमिनलाई सिँचाई गर्न एकिकृत बृहत् सिँचाई कुलाहरुमा साबिक सिपखाना गाबिसको छेत्तडी, स्यूना गाविस भिडकुलो र फुकोट गाविस बाँग्रिकुलो) निर्माणाधिन अबस्थामा रहेको छ।

24. **औद्योगिक ग्राम स्थापना :-** नेपाल सरकार औद्योगिक ग्राम घोषणा कार्यक्रम अन्तर्गत गरेको नीति अनुसार रास्कोट नगरपालिकाको भु-वर्गिकरण गरी औद्योगिक क्षेत्र वडा नं.६ स्थित कालापानिमा औद्योगिक ग्राम निर्माण कार्य सञ्चालन रहेको छ ।

25. आधुनिक माटोका भाँडा उद्योग:- रास्कोट नगरपालिका वडा नं ३ मा आधुनिक माटोका भाँडा बनाउने उद्योग स्थापना भइ सञ्चालनमा रहेको छ।

26. कृषि संकलन केन्द्र:- नगरपालिका भरीका कृषकहरुको कृषि उत्पादनलाई बजारीकरण गर्न कृषि संकलन केन्द्र निर्माणको काम सम्पन्न भएको छ ।

27. बेसार प्रशोधन उद्योग:- नगरपालिका भरीका कृषकहरुले उत्पादन गरेको बेसारलाई प्रशोधन गरी बजारीकरण गर्न बेसार प्रशोधन उद्योगको निर्माण भएको ।

28. दलित लक्षित आर्यआर्जन कार्यक्रम:- रास्कोट नगरपालिका वडा नं ३ मा दलितहरुको आर्यआर्जन गरि मुलप्रवाहिकरण गर्न कालिज फर्म,भैसि फर्महरुको संचालन गरिएको छ ।

29. **गुणस्तर सुधारका लागि शैक्षिक क्रान्ति :-** सामुदायिक विद्यालका शिक्षक काज सरुवा तहगत प्रधानाध्यापक व्यवस्थापन गरि परिक्षा प्रणाली मर्यादित र एकरुपता गरी सबै विद्यालयहरुमा पक्कि भवन तथा आधुनिक कक्षा कोठा, ECD मा स्मार्ट टिभि, आधारभुत र माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्ड व्यवस्थापन गरी विद्यालयहरुलाई विद्यार्थीको अनुपातका आधारमा प्रति विद्यार्थी लागतको आधारमा विद्यालयलाई अनुदानको व्यवस्था गरि विद्यार्थीहरुको उल्लेखनीय सिकाई उपलब्धी हाँसिल गरिएको छ

- नमुनाका रुपमा अंग्रेजी माध्यमको बिद्यालय :- संघिय सरकारको नमुनाको रुपमा रहेको बडिमालिका माध्यमिक विद्यालयलाई १ कक्षा देखी ९ कक्षा सम्म समान्तर रुपमा अंग्रेजी र नेपाली माध्यमबाट कक्षा सञ्चालन भएको ।
- विद्यालय सुरक्षा गार्ड र खेलकुद प्रशिक्षक :- माध्यमिक बिद्यालयहरुमा विद्यालयको संरक्षण तथा अनुशासन समग्र व्यवस्थापनका लागि विद्यालय सुरक्षा गार्ड र सर्वाङ्गिण विकासका लागि खेलकुद प्रशिक्षकहरु सकृय रुपमा कार्यन्वयनमा रहेको ।
- कक्षा मिलान तथा विद्यालय समायोजन :- शैक्षिक सुधारका लागि विद्यार्थी अनुपातका आधारमा कक्षा मिलान तथा विद्यालय समायोजन गरी कार्यन्वयन गरिएको छ ।

30. सामाजिक रुपान्तरण:- सभ्य समाज निर्माणका लागि सामाजिक रुपमा रहेका ब्याप्त घटनाहरुलाई न्यूनिकरण गर्न सबै वडाहरु बालश्रम मुक्त वडा घोषणा भई नगरपालिका घोषणाको तयारी रहेको, बालबिबाह न्यूनिकरण भई वडा नं ४ र वडा न ९ लाई वालबिबाह मुक्त वडा घोषणा गरिइको ।
31. आवधिक योजना र मध्यकालिन खर्च संरचना सहित ७२ वटा ऐन कानुन बनाई कार्यान्वयनमा रहेका ।
32. निर्माणाधिन १५ सैयाको हस्पिटल भवनको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउन पहल गरिनेछ ।
33. रास्कोट बुहुमुखि क्याम्पसको नविकरण गर्ने काम सम्पन्न भई आगामी दिनमा क्याम्पस संचालनका लागि पहल गरिनेछ ।

मुख्य गरेर हाल सम्मका दुई वर्षहरुमा सामाजिक विकास, पूर्वाधार विकास र सुशासन तथा सेवा प्रवाह विषेश जोड दिदै उल्लेखनिय उपलब्धी हासिल गरेका छौं आर्थिक विकासको आधार तय भएको छ, आगामी दिनहरुमा रास्कोट नगर बासिहरुको आय आर्जनमा बृद्दि गरि आर्थिक विकासमा सम्बृद्बि हासिल गर्दै,आत्मनिर्भर नागरिक बनाउन लक्ष्य लिएका छौं ।

अब म आर्थिक वर्ष २०८१।०८२को निति तथा कार्यक्रम प्रस्तुत् गर्दछु ।

**दिर्घकालिन सोच M "आत्म निर्भर नगरवासी समृद्ध रास्कोट"** बनाउने रहेको छ ।

**नारा M "हामी बनाउछौ हाम्रो नगर"**

**लक्ष्य:- सक्षम सभ्य सामाजिक न्यायीक समाज निर्माण गरि आत्मनिर्भर नागरिक बनाउने ।**

**उद्देश्य M**

- स्मार्ट नागरीक स्मार्टनेस नगर बनाउने ।
- आत्मानिर्भर उद्यमसिल रोजगारमुलक जनशक्ति निर्माण गर्ने ।
- रास्कोटका युवा विद्यार्थिहरुलाई गुणस्तरीय शिक्षा मार्फत रास्कोटमै टिकाउने सिकाउने ।
- सबै नगरिकहरुलाई निरोगी स्वास्थ्य बनाउने ।
- सुशासन तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी कायम गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्ने।
- बालमैत्री,अपाङ्गमैत्री, संरचनाको निर्माण गर्ने ।
- सबै नागरिकको घरमा खानेपानी पहूँच पुर्याइने ।
- सानो तथा मझौला उद्योग कल कारखानामा लगानी गर्ने वातावरण बनाउने ।
- कृषिमा आत्मानिर्भर बनाउन सिचाईमा पहुँच विस्तार गर्ने ।
- पूर्ण साक्षर, पूर्ण सरसफाई युक्त, बालश्रम मुक्त, बालविवाह मुक्त नगरपालिका घोषणा गरिने ।
- हरित,उत्थानसिल तथा समाबेशी विकासको नगर बनाउने ।
- सबै काम कार्य डिजिटालाइजेसन गर्दै पेपर लेस नगरपालिका कायम गर्ने ।
- आरामदायी यातायातका लागि सडकको स्तरउन्नि संगै कालो पत्रे बनाउने ।
- मुख्य बजार क्षेत्रहरुलाई स्मार्ट सिटिको रुपमा विस्तार गर्ने ।
- आन्तरीक राजश्वको दायरा बढाउदै दोब्बर हाँसिल गर्ने ।
- सबै नागरिकको स्वास्थ, सामाजिक सुरक्षा लगाएत सेवा प्रवाह घर घरमा प्रदान गर्ने ।
- आरन्तरिक आय बृद्धि गर्ने पर्यटकीय गन्तव्य स्थल बनाई प्रवद्धन गर्ने ।
- क्षेतडी पाटनमा स्की खेलको बिकासमा जोड दिइनेछ ।

अपेक्षित उपलब्धी **M खुसि र सुखारी नगरवासी बनाउने .**

**आगामी आर्थिक वर्षका निति तथा कार्यक्रमहरु मुख्य प्राथमिकिकरण गरेको छु ।**

१. विद्यालय शिक्षामा सबैको पहुच पुर्याई समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अंग्रेजि माध्यामको शिक्षा लिनको लागि देशका ठ ुला शहर खोज्ने र विदेशिने कार्यलाई निरुत्साहित गरिनेछ ।

३. रास्कोटमा इलाका प्रशासन कार्यालय स्थापनाका लागि भौतिक संरचना निर्माण गरी सेवा प्रवाह गरिनेछ।

४. कृषिमा आत्मनिर्भर बनाउन गौरवको आयोजनाको रुपमा ३ वटा बृहत सिचाई कुलोहरु निर्माण कार्यमा निरन्तरतामा रहनेछन ।

५. एकृकित स्वास्थ्य तथा सरसफाईका साथै जनचेतना मुलक कार्यका लागि विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ ।

६. पर्यटन प्रवर्द्धनमा विशेष जोड दिदै देउरा पाटन र क्षेत्तडी पाटनलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ।

७. रास्कोट नगरपालिकाको सिरानीमा रहेको भिड छहरा आस पासमा बृहत खानेपानी प्रशोधन केन्द्र स्थापना गरिनेछ ।

८. एक घर एक धारा कार्यक्रम द्धारा स्वच्छ खानेपानीको पुर्णरुपमा आम नागरिकलाई पहुँच विस्तार गरिनेछ।

९. सिमान्तकृत, विपन्न, सहिद परिवार, घाइते अपाङ्गता भएका घर परिवारलाई स्वास्थ्य विमा लागु गरिनेछ।

१०.नागरिक निर्जीवन (घर विमा) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. व्यवसायिकरुपमा भेडा, बाख्रा र भैसि पालन गर्ने कृषकहरुलाई प्रोत्साहानको रुपमा **गोठालो भत्ता**को व्यवस्थापन गरिनेछ ।

१२. बन जंगल, जल,जमिन र जनश्रमको परिचालन गर्न ४ ज को नीति अवलम्वन गरिनेछ ।

१३. दिगो बिकासका लागि भौतिक पूर्वाधार विकासका संरचनाहरुको स्तरोन्नती गरिनेछ ।

१४.आन्तरिक राजश्वको दर र दायरा बढाई अपेक्षितरुपमा बृद्दि गरिनेछ ।

१५. बजेटको उद्देश्य हाँसिल गर्न प्राथमिकता कायम गरी संघ, प्रदेश र निजि क्षेत्रसंग साझेदारीका आधारमा सहकार्य गरिनेछ ।

१६. बिनीयोजित बजेट १००% खर्च गर्ने निति लिइनेछ ।

नगर सभा सदस्य ज्यूहरु

अब म क्षेत्रगत निति र प्रथमिकता सम्मानित सभामा पेश गर्दछु ।

**सामाजिक विकास:** शिक्षा, खेलकुद, सस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

**शिक्षा**

१. रास्कोटका वालबालिकालाई रास्कोट टिकाउन र विकाउन शैक्षिक क्रान्तिलाई निरन्तरता दिदै बिद्यार्थी प्रयाप्त भएका बिद्यालयलाई प्रोत्साहन र कम बिद्यार्थी भएका बिद्यालयलाई कक्षा समायोजन गरिनेछ ।

२. नगर अनुदानबाट कार्यरत सामुदायिक बिद्यालयका कर्मचारी, बालशिक्षक र शिक्षकहरुको सेवासुबिधा बृद्दि गरिनेछ ।

३.**"बालबालिका संग मेयर"** कार्यक्रममा **"हेलो प्यारेन्ट"** कार्यक्रम अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

४. संघ, प्रदेश सरकार र बिभिन्न विश्वविद्यालयहरु संग समन्वय गरी रास्कोट बहुमुखी क्याम्पस सञ्चालनका लागि पहल गरि कार्यन्वयनमा ल्याइनेछ ।

५. जनआन्दोलन, जनयुद्धकालिन सहिद, घाइते, अपाङ्गता भएका, दन्द्ध पिडितका, विपन्न दलित परिवारको छात्रछात्राहरु उच्च शिक्षा अध्ययनका लागि “मेयर छात्रवृत्ति कोष” खडा गरी कार्यान्वयनमा ल्याइनेछ ।

६. रास्कोटका युवा बिद्यार्थिहरुलाई रोजगारीमा जोड्न लोकसेवा,शिक्षक सेवा लगाएत सम्पूर्ण कक्षाहरु संचालन गरिनेछ ।

७. बिद्यार्थिहरुको खेलकुद तथा सुरक्षाका लागि माद्यामिक बिद्यालयहरु र क्रमश सबै विद्यालयहरुमा घेरबार गरि विद्यालय सुरक्षा रणनिति अपनाइनेछ ।

८. तहगत शिक्षक काज सरुवा तहगत प्रधानाध्यापक व्यवस्थापन गरी परिक्षा प्रणाली मर्यादित र एकरुपता गरी विद्यार्थीहरुको उल्लेखनीय सिकाई उपलब्धी हाँसिल गर्न पहल गरिनेछ ।

९. माद्यामिक बिद्यालयका प्रधानाध्यपक र बिद्यालय सुरक्षा गार्डलाई आवासिय प्रबन्ध गरिनेछ ।

१०.संघिय सरकारको नमुनाको रुपमा रहेको बडिमालिका माध्यमिक विद्यालयलाई १ कक्षा देखी ९ कक्षा सम्म समानान्तर रुपमा अंग्रेजी र नेपाली माध्यमबाट कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ ।

११.सामुदायिक विद्यालयका SEE परिक्षार्थि लक्षित गरि आवास सहितको बुस्टर कक्षा संचालन गरिनेछ। १२. सबै विद्यालयहरुमा पक्कि भवन तथा कक्षा कोठा, ECD मा स्मार्ट टिभि, आधारभुत र माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्ड व्यवस्थापन गरि विद्यालयहरुलाई विद्यार्थी अनुपातका आधारमा प्रति विद्यार्थी लागतका आधारमा विद्यालयमा अनुदानलाई निरन्तरता दिईनेछ ।

१३. दश वर्षिय शिक्षा योजना बनाई कार्यन्वयनमा ल्याईनेछ ।

१४. बिद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई प्रभाकारी रुपमा कार्यान्वयन गर्दै निरन्तरता दिइनेछ ।

१५. अब बन्ने विद्यालयका भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्रि, बालमैत्रि भौतिक संरचना बनाउन नीति लिइनेछ ।

१६.प्रारम्भिक बालविकास केन्द्रहरु र सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन E-learning . E- class, Smart Board, CCTV को व्यवस्थापन गरी सबै विद्यालयहरु प्रविधिमैत्रि बनाउदै लगिनेछ ।

१७. शिक्षाको आधारको रुपमा “घर वलियो जगले राष्ट्र बलियो प्रारम्भिक बालविकासले” भन्ने नाराका साथै प्रारम्भिक बालविकासमा लगानी अभिवृद्धि गरिनेछ ।

१८. विद्यार्थीहरुको व्यक्तिगत अभिलेख ( प्रोफाइल) तयार गरि महिनाको अन्तिममा अभिभावक सहितको प्रगती समीक्षा गर्न विद्यालयलाई प्रोत्साहित गरिनेछ ।

१९.नगरपालिकामा आधारभुत तहको स्थानीय पाठयक्रम (हाम्रो रास्कोट हाम्रो पहिचान) तयार भई उपलब्ध गरी सकेको र थप पाठ्य पुस्तक निर्माणको प्रकृया अगाडी बढाइनेछ ।

२०. न्यून सिकाई उपलब्धी भएका बालबालिकाहरुको सिकाई उपलब्धी वृद्धि गर्न अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

२१. बालविकास देखि कक्षा ३ सम्मको शिक्षालाई व्यवस्थित गर्ने निति लिइनेछ ।

## युवा तथा खेलकुद

१. खुल्ला **मेयर कप** खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

२. नगरपालिका भित्र समग्र खेलकुदको विकास गर्न माद्यामिक विद्यालयहरुमा खेलकुद प्रशिक्षकलाई निरन्तरता दिइनेछ । खेलकुदको विकासको लागि रंगशालाको स्तर वृद्धि गर्न संघ,प्रदेश सरकार सँग पहल गरिनेछ ।

३. बालबालिकाहरुलाई प्रतिरक्षा र क्षमता प्रस्फुटनका लागि विभिन्न किसिमका खेल तथा बन्द प्रशिक्षण, प्रशिक्षक कार्यक्रम संचालन गरिनेछ ।

४. नेपालको संबिधान २०७२ निर्माणका लागि महान जनयुद्ध एक जगको रुपमा स्थापित भएको ऐतिहासिक दिनलाई नगरपालिकामा उत्सवको रुपमा मनाइनेछ ।

नगरसभाका सदस्यज्यूहरु

## स्वास्थ्य

१. रास्कोट अस्पतालबाट बिषेशज्ञ सेवा प्रभावकारीरुपमा थप विस्तार गरिनेछ ।

२. “**भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी**” भन्ने नाराका साथ रास्कोट भित्रका जेष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्तिहरु, गर्भवती महिलाहरु, वालवालिका तथा बिपन्न नागरिकहरुलाई घर घरमा स्वास्थ घुम्तीसेवा महिनाको एक पटक पुग्ने गरी “मेयर हेल्थ केयर कार्यक्रम” लाई निरन्तरता दिइनेछ ।

३. रास्कोट अस्पताललाई स्वास्थ बिमा कार्यक्रमसंग आबद्ध गरी स्वास्थ बिमा कार्यक्रम लागु गरिनेछ ।

४. नगरपालिकामा १५ शैयाको रास्कोट अस्पतालको स्तर बृद्धि गर्न संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।

५. स्वास्थ्य कर्मीहरुले हप्तामा एक पटक अनिवार्यरुपमा नागरिकको स्वास्थ चेक जाँचका लागि घर भेटघाटमा जानुपर्ने ब्यवस्था गरिनेछ ।

६. नेपाल रेडक्रस सोसाईटीसंगको समन्वयमा रास्कोट अस्पतालमा ब्लड बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

७.महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहररुलाई उपलब्ध हुँदै आएको प्रोत्साहन भत्तालाई थप गरिनेछ।

८. वाल स्वास्थ्य, खोप र सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनाउने "ह्याप्पि मदर्स" कार्यक्रम सञ्चालन गरिनेछ ।

९. पोषण वालरोगको एकीकृत व्यवस्थापन गर्नको लागि नसर्ने रोगको व्यवस्थापन कार्यक्रमलाई थप प्रभाकारी बनाइनेछ

१०.आयुर्बेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. सबै खालका सामाजिक विभेद अन्त्य गर्दै बालश्रम मुक्त नगरपालिका र बालबिवाह मुक्त वडा हुदै नगरपालिका घोषणा गरिनेछ ।

२. जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, असहाय, एकल महिला लगायत लक्षित वर्ग तथा सिमान्तकृत समुदायहरुलाई लक्षित गरी **"उप-प्रमुख सशक्तिकरण कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

३. बालबालिका सम्बन्धि बालअधिकारको प्रत्याभुत गर्ने बालकल्याण अधिकारीको व्यवस्था गरिनेछ ।

४. दलित महिला लगायतका महिलाहरुलाई व्यवसायिक सीप विकास गरी उद्यमी बनाउन आयमुलक, सीपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर हुने गरी सशक्तिकरण कार्यक्रममा जोड दिइनेछ ।

५. नगर भित्रका युवा, बालबालिका, महिला तथा किशोर किशोरीहरुलाई लागू औषध दुर्व्यसनी, घरेलु तथा यौनजन्य हिंसा, बाल अधिकार तथा महिलाको हक सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. समान कामका लागि समान ज्यालाको नीति अवलम्वन गरिनेछ ।

७. जेष्ठ नगरिक, महिला, अपाङ्गता लगाएत लक्षित वर्गहरुलाई "**मिलन केन्द्र स्थापना**" गरिनेछ ।

८. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ब्यक्तिहरुको पहिचान गरि सिपमुलक तथा आयमुलक रोजगारीमा जोडिनेछ ।

९. बालवालिको प्रोफाइल तयार गरिनेछ ।

## समाजिक सुरक्षा तथा पञ्जीकरण

१. ६० बर्ष भन्दा माथीका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलोमा बैंकिङ प्रणाली मार्फत **घर घरमा सामाजिक सुरक्षा भत्ता** वितरणलाई थप व्यवस्थित गरिनेछ ।

२.सामाजिक सुरक्षा भत्तालाई राष्ट्रिय परिचय-पत्र संग लिङ्क गर्दै जैविक नविकरण गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।

३. नागरिक वडापत्रलाई अद्यावधिक गरी स्तरीय डिजिटल प्रबिधिको प्रयोग गरिनेछ ।

४. वडा कार्यालयलाई व्यवस्थित बनाई सेवा प्रवाहमा गुणस्तर ल्याइनेछ ।

## खानेपानी तथा सरसफाई

१. एक घर एक धारा कार्यक्रमलाइ निरन्तरता दिइ दुई वर्ष भित्र सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याइनेछ ।

२. बृहत खानेपानी आयोजना निरन्तरताका साथै बिस्तार गरी सञ्चालनमा ल्याइनेछ ।

३. मुहान देखी मुख सम्म खानेपानीको शुद्धता कायम गर्न परिक्षणलाई अनिवार्य गरिनेछ ।

४. नगर भित्रका सार्वजनिक स्थानहरुमा खानेपानी धाराको व्यवस्था गरी सार्वजनीक शौचालय निर्माण गरिनेछ ।

५. बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न एक घर एक डस्बिन वितरण गरिनेछ र नगरपालिकामा एक डम्पिङ्ग साइट बनाइनेछ ।

६. प्लाष्टिक तथा सिसाजन्य फोहोर उत्पादनमा न्यूनिकरण गरिनेछ ।

७.आधारभुत मापदण्ड तयार गरि पूर्ण सरसफाइ यूक्त वडा घोषण गर्ने कार्य सञ्चालन गरिनेछ ।

## आर्थिक विकास : कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्रहरु

### कृषि

१. “कृषिमा आत्मनिर्भर, घर घरमा रोजगार” भन्ने नीति कृषि हवको रुपमा विकास गरिनेछ ।

२. कृषि संकलन केन्द्रलाई थप व्यवस्थित गरि महिनाको एक दिन अनिर्वाय हाटबजार संचालन गरिनेछ।

३. एक घर एक बगैचा कार्यक्रमलाई निरन्तरता दिनुका साथै वेमौसमी तथा मौसमी व्यवसायिक तरकारी खेतीको प्रर्वधन गरिनेछ ।

४. रास्कोटलाई मिठो ओखर हवकोरुपमा विस्तार गरिनेछ ।

५. रास्कोटको रैथाने पहिचान झल्किने कृषिबाट उत्पादित **रास्कोट कोशेली सहित कोशेली घर** स्थापना गरिनेछ ।

६.नगरपालिकाको सार्वजनिक जग्गामा भोगचलन गरेका नागरिकलाई भुमि वर्गिकरणका आधारमा “भूमी बैंक” बनाई भाडामा दिइनेछ ।

७. कृषिको व्यवसायिकीकरण, आधुनिकीकरण, वैज्ञानिकीकरण कृषि प्रणालीलाई वातावरण तथा जलवायु अनुकुल बनाउदै आर्थिक वृद्धिको आधार तय गर्ने नीति अवलम्वन गरिनेछ ।

८. सिमी, कोदो, फापर, चिनो, कागुनो जस्ता रैथाने बालीहरुको उत्पादन बढाउन आवश्यक बजारीकरणको व्यवस्था गरिनेछ ।

९. कृषिमेला प्रदर्शनी, उन्नत र परम्परागत बिउ वितरण, सानासिंचाई तथा प्लाष्टिक पोखरी, भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.स्थानीय कुखुरा, कालिज, च्याखुरा,बाख्रा,तथा भैसी पालन व्यवसाय विस्तारका लागि निजि फर्म,समुह तथा सहकारीलाई उद्यमशीलतामा जोड दिईनेछ ।

११. हाइटेक नर्सरीलाई व्यवस्थित गरी सञ्चालन गर्न पहल गरिनेछ ।

१२. किसानहरुलाई कम्पोष्ट मल, गड्यौला मल, प्राङ्गगारीक मल बनाउन प्रोत्साहन गरिनेछ ।

१३. दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्न समूह, सहकारी तथा निजि क्षेत्रसँगको सहकार्यमा नगरमा एक दुग्ध डेरी स्थापना गरिनेछ ।

१४. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान, पशु आहाराका लागि घाँस खेती, पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिनेछ ।

१५. नगर भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट दर्ता गरी नियमन गरिने छ ।

१६. स्वच्छ र स्वस्थ मासु उपभोक्तासम्म पुर्याउन उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडि बढाईनेछ ।

१७. कृषिलाई व्यवसायिक बजारीकरण गर्न कृषि एम्बुलेन्सको व्यस्थापन गरिनेछ ।

## उद्योग तथा वाणिज्य

१.घरेलु तथा वाणिज्य तर्फका सम्पुर्ण कार्यहरु यस नगरपालिकामा दर्ता तथा नविकरण गर्ने नीति लिइनेछ

२.नगरपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ र अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता कायम गरिनेछ ।

३. रास्कोटमा स्थापना भएको औद्योगिक ग्रामलाई आधुनिक तथा सुविधा सम्पन्न ग्राम बनाउनका लागि बिशेष प्राथमिकता दिइनेछ ।

४. स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. यस आ.व. मा कम्तिमा १०० जनालाई उद्यमशिलताका लागि सिप विकास तालिम दिई रोजगारी सिर्जना गरिनेछ ।

## यातायात

१. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण नागरिकलाई सर्वसुलभ यातायातको पहुँच पुर्याउनका लागि रिङ्ग रोडको स्तरउन्नती गरी नगर बस संचालन गरिनेछ ।

२. रास्कोट नगरपालिकामा सहज यातायात सुविधायुक्त बनाउन ट्राफिक प्रहरी पोष्टको व्यवस्था गरिनेछ।

३.सान्निगाड देखि रास्कोट सम्मको कालोपत्रे सडकको काम गतिशिलरुपमा समयमै सम्मन्न गर्न पहल गरिनेछ ।

## पर्यटन तथा संस्कृति

१. रास्कोटी जनताको आर्थिक सम्बृद्धिमा टेवा पुर्याउन देउरामालिका मन्दिर तथा मलायगीरी पाटन र क्षेत्तडि पाटनलाई रास्कोट पर्यटकिय हवको रूपमा बिकास गरी सडकको पहुँच पुर्याइनेछ ।

२.नगरपालिका भित्र रहेका ऐतिहाँसिक रास्कोट दरवार, देवल, धार्मिक स्थलहरु र स्यम्भुनाथलाई धार्मीक तथा सांस्कृतिक क्षेत्रको रुपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकको गन्तब्य स्थल बनाइनेछ ।

३. रास्कोट नगर क्षेत्र भित्र पर्यटन प्रर्वधनका लागि **होमस्टे** निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ४. परम्परागत लोपोउन्मुख कर्नाल, पञ्चेबाजा, लोकबाजा, लोकगीतहरु जस्ता सांस्कतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्वर्धन गरिनेछ ।

नगरसभा सदस्यज्यू

## सहकारी

१. साविकका तिन गाविस स्तरमा सुपथ मुल्य पसल संचालनका लागि पहल गरिनेछ ।

२. सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण गरी उद्धेश्यमा आधारित वित्तिय सुशासन कायम गर्न संस्थागत क्षमता विकास गरी उत्पादनमा वृद्धि गरिनेछ ।

३. वित्तीय संस्थाले जवरजस्ती रुपमा लगानी गर्ने ऋण होडबाजी भएको छ । यसको न्युनिकरणका लागि नियमन गरिनेछ।

४.स्थानीय सरकार र सहकारी साझेदारी कार्यक्रम संचालन गरिनुको साथै ।(जस्तै वित्तिय साक्षरता, व्यवसायिक सिप विकास तालिम र अन्य महिला सशक्तिकरण सम्बन्धि) कार्यक्रम सञ्चालन गरिनेछ ।

## वित्तीय क्षेत्र

१. सहज बैकिङ सेवा प्रवाह गर्न आवश्यक पहल गरिनेछ ।

२. वित्तीय संस्थालाई व्यवसायिक कृषि तथा अन्य आयमूलक कार्यमा ऋण लगानी गर्न पहल गरिनेछ ।

३. बैंक तथा वित्तिय संस्थामा सर्वसाधारणको मागको आधारमा पहुँच सुनिश्चितता गरिनेछ ।

४. रास्कोट नगरपालिका भित्रका घर जग्गालाई धितो राखी कर्जा प्रवाह गर्नका लागि पहल गरिनेछ

## युवा तथा रोजगार

१. विदेशबाट फर्किएका युवाहरुलाई कृषि तथा युवा उद्यमशीलतामा जोड्न पहल गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार,मुख्य मन्त्री रोजगार कार्यक्रमलाई स्थानीय विकास पूर्वाधार कार्यक्रम संग साझेदारी गरिनेछ ।

३. विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका रोजगारदाताहरुसँग परामर्श गरी स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा रोजगारीका अवसरहरुको सिर्जना गर्न पहल गरिनेछ ।

४. कृषि आर्य आर्जनमा जोडी युवा स्वारोजगार बनाउन पहल गरिनेछ ।

५. बेरोजगार युवाहरुलाई बिभिन्न किसिमका सिप विकास तालिमहरुको व्यवस्था गरी रोजगारीमा जोड दिइनेछ ।

६. आगामी आर्थिक वर्षमा १००० जनालाई अल्पकालीन रोजगारी उपलब्ध गराइनेछ ।

## राजश्व

१."कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो" भन्ने अवधारणाको विकास गर्न **करको दर होईन दायरा बढाउने** निति लिईनेछ ।

२. एकृकित राजश्व संकलन प्रणालीलाई अनलाईन पद्धतिबाट भुक्तानीलाई व्यवस्थित गरि राजश्व संकलन कक्ष स्थापन गरिनेछ । अफलाईन राजश्व संकलनलाई निरुत्साहित गरिनेछ ।

३. संघ र प्रदेश सरकारको समन्वयमा ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नीति लिइनेछ ।

४. नगरपालिका भित्रका व्यवसायी उद्यमी बाणिज्य तथा आपुर्ति कर्ता र वित्तिय संस्थाहहरुलाई व्यवसाय करको दायरामा ल्याइनेछ ।

५. नगरपालिका लगाएत लेकाली भेगमा भोक चलन गरी रहेको सार्वजनिक जग्गा भाडामा दिई राजश्वको दायरामा ल्याइनेछ ।

## पूर्वाधार विकास: उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास

### स्थानीय सडक तथा पुल

### पूर्वाधार

१. रास्कोट नगरपालिकामा निर्माण भएका सडक क्षेत्रमा पर्ने जग्गाको लगत कट्टा कार्य अगाडी बढाइनेछ।

२. व्यवस्थित बसोबास र सुन्दर सहर निर्माणका लागि नगरपालिकाका बिभिन्न ठाँउमा निर्माण भइरहेका एकीकृत वस्ती विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. स्थानीय पूर्वाधार विकास आयोजना निर्माण गर्दा जलवायु उत्थानशिल, हरित पुर्नलाभ, उत्पादनशिल, विपद व्यवस्थापन र श्रममा आधारित आयोजनालाई प्राथमिकता दिने नीति लिई कार्यन्वयन गरिनेछ ।

४. रास्कोट नगरपालिकामा बसपार्क निर्माणका गरिनेछ ।

५. रास्कोट नगरपालिकाको चक्रपथ निर्माण तथा नगर भित्रका सहायक सडकहरुलाई मुख्य सडक सञ्जालसंग जोड्ने कार्यलाई प्राथामिकता दिइनुको साथै सडकहरुको स्तरोन्नती गरिनेछ ।

६. सान्निगाड देखी बजार क्षेत्र सम्म कालो पत्रे सडक विस्तार गरी हरित र वातावरणमैत्री सडक निर्माण गर्ने नीति लिइनेछ ।

७. देउरामालिका सम्मको सडको स्तरोउन्नती गरी त्रिवेणी सम्मको सडक निर्माणका गर्न पहल गरि कार्यन्वयन गरिनेछ ।

८. छिमेकी पालिका सान्नी त्रिवेणीसँग सहज आवत जावतका लागि काब्डा र साँकेज्युला जोड्ने झोलुङ्गे पुल निर्माण गरिनेछ ।

**उर्जा**

१. रास्कोट नगरपालिका भित्रका विधुतीकरण हुन बाँकी बस्तीहरुलाई सव स्टेसन सँग जोड्ने गरी विधुत प्रशारण लाइन सञ्चालनमा ल्याइनेछ ।

२. वैकल्पीक उर्जाका माध्यमबाट रास्कोटका मुख्य सडकहरु र केहि बस्तीमा सडक बत्ती जडान कार्य गरिनेछ ।

३. रास्कोटको प्रत्येक घर धुरीमा आधुनिक सुधारिएको चुलो वितरण गरी सोको प्रयोगबाट हुने कार्बन उत्सर्जनको कमीलाई अभिलेखीकरण गरी कार्वन ट्रेडसंग आबद्ध गरिनेछ ।

४. सञ्चालनमा रहेका लघुजल विधुत र सौर्य उर्जा आयोजनालाई निरन्तरता दिदै तिनको संरक्षण र बिस्तार गरिनेछ ।

**सिंचाई**

१. साविक विद्यमान सिंचाईका पूर्वाधारहरुको मर्मत सम्भारका साथै थप आयोजनाहरु कार्यन्वयमा जोड दिइनेछ ।

२. मुलमा भएको पानीलाई खेतमा पुर्याउने नीति लिइनेछ ।

३. विगत वर्षको बाडी पहिरोले क्षति भएका सिंचाई कुलाहरुको पुन:निर्माण प्रकृयालाई अगाडी बढाइनेछ। ४. कृषिका पकेट क्षेत्रहरुका लागि अनिर्वाय सिचाईको सुनिश्चित गर्न आवश्यक संरचना निर्माण गरिनेछ।

५.आधुनिक सिंचाई प्रबिधिहरुको प्रयोगबाट जल सदुपयोग रणनीती अपनाइनेछ ।

**सञ्चार**

१. रास्कोट नगरपालिकालाई सूचना तथा प्रविधि मैत्री नगर बनाउनका लागि आवश्यक संरचनाको कार्य सम्पन्न गरिनेछ ।

२. गुनासो सुनाई कार्यलाई कार्यन्वयन गर्न हटलाइन सेवा सुचारु गरी “हेलो मेयर कार्यक्रम” निरन्तरता दिईनेछ ।

३. एक वडा एक सार्वजनिक क्षेत्रमा फ्रि वाइ फाई जोन घोषणा गरिनेछ ।

४. नगरपालिका भित्रका सबै सेवा कार्यालयहरुका क्रियाकलापहरुमा अनिर्वाय अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रवाह गर्ने निति लिइनेछ ।

५. सेवा प्रवाहका लागि वेभसाइट, फेसबुक, मोबाइल एप्स, यस एम एस अर्लटको व्यवस्थापन गरी सूचना प्रवाह गरिनेछ ।

**भवन तथा सहरी विकास**

१. रास्कोट नगरपालिका इलाका प्रशासनिक कार्यालयको भवन निर्माण गरिनेछ ।

२. सबै वडा कार्यालयहरुको प्रशासनिक भवन सम्पन्न गरिनेछ ।

३. आर. सि. पि. बजारको मिनि मार्केटलाई थप व्यवस्थित तथा स-विस्तार गरिनेछ ।

४. सहरी विकास तथा भवन निर्माण आचारसंहिता २०७२ लाई कार्यन्वयनमा ल्याइनेछ ।

५. हालसम्म निर्माण भएका सबै प्रकारका घरहरुलाई नगरपालिकाको नियम अनुसार अभिलेखीकरण गरी प्रमाणीकरण गर्ने कार्य अघि बढाइनेछ ।

६. नयाँ बन्ने पक्कि भवनहरु अनिवार्य नक्सा पास गरेर मात्र लागाउने निति लिइनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु**

## सुशासन तथा संस्थागत विकास

१. सुशासन प्रर्वद्धनका लागि "मुस्कान सहितको सेवा" भन्ने मुल नारालाई रास्कोट नगर कार्यापालिका भित्रका सम्पूर्ण सेवा प्रदायक कार्यालयहरुमा अवलम्वन गरिनेछ ।

२. अन्तरपालिका भगेनी सम्बन्ध विस्तार गरिनेछ ।

३. सुरक्षा तथा सुशासन सुनिश्चितता कायम गर्न नगर प्रहरीको कार्यक्षेत्र विस्तार गरिनेछ ।

४. सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकाको एक **सोधपुछ तथा हेल्प डेक्स** निरन्तरता दिइनेछ।

५. "उपभोक्तासँग उप प्रमुख कार्यक्रम" मार्फत सुशासन प्रवद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

६.आयोजना मर्मत सम्भार विकास कोषको व्यवस्थापन गर्ने नीति लिई सोही बमोजिम कार्यक्रम तय गरिनेछ।

७. योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कनलाई थप प्रभावकारी रुपमा गरिनेछ ।

८. कार्य संपादनका आधारमा कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार र पृष्ठपोषण नीति लिइनेछ ।

९. त्रैमासिक रुपमा नगरपालिकाको सार्वजनिक सुनाई नियमित गरिनेछ ।

१०. "नगरबासीसंग नगर प्रमुख कार्यक्रम" सञ्चालन गरी त्रैमासिक रुपमा एक दिन नगरवासीको गुनासो सुनावाई गर्न टोलटोलमा साक्षत्कार गरिनेछ ।

११. आयोजनाहरुको सुचीकरण गरी "योजना बैंक" तयार गर्ने र आगामी आर्थिक वर्षहरुमा सोही योजना बैंकबाट आयोजना छनौट गरी कार्यान्वियन गर्दै लैजाने नीति अबलम्बन गरिनेछ ।

१२. सुरक्षा संवेदनशील भएका स्थानहरुमा प्रहरी विट स्थापना गर्ने, सुरक्षा निगरानी वृद्धि गर्ने र मुख्य बजार क्षेत्रहरुमा सि.सि.टि.भि. जडान र विस्तार गरिनेछ ।

१३. नगरपालिकामा लेखापरीक्षण समितिबाट लेखा परीक्षण एवं बेरुजु फछ्र्यौटलाई प्रभावकारी गराईनेछ

१४. रास्कोट नगरपालिकामा विकास साझेदार संस्थाहरुलाई नगरपालिकाको बिकास र समृद्धिको बलियो खम्बाको रुपमा लिदै गैरसरकारी संघ संस्थालाई एकद्वारमा लिइनेछ

१५. नगरपालिकाको समग्र बस्तुस्थिती झल्काउने नगर प ाश्वचित्र तयार गरिनेछ ।

१६. नगरपालिकामा स्थानीय अनुकुलन कार्य योजना (LAPA) निर्माण गरिनेछ ।

१७. न्यायीक समितिमा आएका मुद्दाहरु अधिकांस मेलमिलापका माध्यमबाट फछर्यौट गर्ने गरेको र आगामी दिनमा अझै चुस्त दुरुस्त बनाइनेछ ।

## वन तथा वातावरण

१. "एक घर अनिवार्य पाँच विरुवा" को नीति लागु गरिनेछ । लोप हुन गइरहेका बहुमूल्य जडिबुटी रोकथामका साथै जैविक विविधताको संरक्षण र वन क्षेत्रको व्यवस्थापनलाई उच्च प्रथमिकता दिइनेछ ।

२. सामुदायिक तथा राष्ट्रिय वन संयन्त्र संग समन्वय गरि वन क्षेत्रको नियमन गरिनेछ ।

३.बाढी पहिरोबाट जोगाउन भू–संरक्षण, तटबन्ध व्यवस्थापन र वृक्षरोपण कार्यलाई अगाडी बढाइनेछ ।

४. अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी तथा बालुवा उत्खनन्लाई रोकी व्यावस्थित गरिनेछ ।

५. खोला किनार, खोला उकास, नहर तथा कुलो किनार, सडक किनार, सार्वजानिक खाली जग्गा, पाखा वा पखेरो क्षेत्रम वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।

६. रास्कोट नगरपालिकाका क्षेत्रभित्रका सबै बाजो जमीनमा किनारमा बाँस,निगालो, उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ ।

**विपद् व्यवस्थापन**

१. विपद् जोखिम न्यूनिकरण गर्न आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिनेछ ।

२. विपद् जोखिम न्यूनिकरणका लागि पूर्व तयारी गरिनेछ ।

३. विपद्का योजना तयार गर्दा विपद् न्यूनीकरण र दिगो विकासका विषयमा विशेष ध्यान दिइनेछ ।

४. अग्नि नियन्त्रणका लागि दमकलको व्यवस्थापन गर्न संघ, प्रदेश सरकार र अन्य निकाय संग समन्वय गरिनेछ ।

**भुमि व्यवस्थापन तथा वस्ती विकास**

१. भ ू–उपयोग नीतिका आधारमा दिगो विकास तथा वातावरण संरक्षणको लागि भू -उपयोग नीति अबलम्बन गरिनेछ ।

२. वैज्ञानिक भुमि व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

३. नगरभित्र रहेका सरकारी, सार्वजानिक, ऐलानी जग्गाको आवश्यक प्रकृया पुरा गरी करको दायरामा ल्याईनेछ ।

४. “भुमि बैंकको स्थापना गरी खेती योग्य बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ ।

अन्तमा, नगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुमा समृद्ध, सुरक्षित र जीवन्त र सुन्दर नगर बनाउन हाम्रो दृढ सङ्कल्पि ितरुपमा अविचलित छ ु । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम सिर्जनात्मक सल्लाह सुझाव दिने र कार्यान्वियनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधिहरु, राजनितिक दल, नागरिक समाज, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, नगरका राष्ट्रसेवक कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा समृद्ध नगरपालिका निर्माण र "हामि बनाउछौं, हाम्रो नगर" भन्ने सोचलाई साकाहार गर्ने अभियानमा सबैको योगदानको अपेक्षा सहित हार्दिक अपिल गर्दछु । धन्यवाद ।

नमस्कार ।

**धर्मराज शाही (पोषण)**
**नगर प्रमुख**
**रास्कोट नगरपालिका, कालीकोट**